मिति : २०६६।१०।२०
समय : दिउँसो ११ बजे
स्थान : आ.न.पा कार्यालय

आज मिति २०६६ साल माघ २० गते ~~बुधबार~~ सोमवारका दिन आठबीसकोट नगरपालिका नगर शिक्षा समितिको १४औं बैठक समितिका अध्यक्ष श्री गोर्ख बहादुर के.सी.को अध्यक्षतामा बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

1. श्री गोर्ख बहादुर के.सी. अध्यक्ष
2. श्री रामबहादुर के.सी. सदस्य
3. श्री हुकुमबहादुर पुन सदस्य
4. श्री देवबहादुर घर्ती सदस्य
5. श्री धन्नाम परियार सदस्य
6. श्री गोरख बहादुर कामी सदस्य
7. श्री प्रभा मल्ल सदस्य
8. श्री भक्तिप्रसाद रिजाल सदस्य
9. श्री रवि के.सी. सदस्य
10. श्री कृष्णराज के.सी. सदस्य
11. श्री अमृत बुढा सदस्य
12. श्री बालविर ओली सदस्य सचिव

आमन्त्रित :

1. श्री हरिप्रसाद शर्मा वि.व्य.स. अध्यक्ष
2. श्री चिन्तराम शर्मा प्र.अ. आदर्श.मा.वि.
3. श्री दिनेश चन्द वि.व्य.स अध्यक्ष बा.स.मा.वि.
4. श्री शेर बहादुर ओली " अध्यक्ष शहिद स्मृ.वि.का.वि.
5. श्री जय बुढा - प्रशासन सहायक चौथो
6. श्री नरेन्द्र प्रकाश आर.सी.
7. श्री झिल्लीराज विश्वकर्मा (पत्रकार)
8. श्री मान बहादुर बटाला
9. श्री खुम्मे कसारी वडाध्यक्ष वडा नं. १२
10. श्री हस्त बहादुर आगी वडाध्यक्ष वडा नं. ११
11. श्री टोपबहादुर ओली
12. श्री लालविर परियार
13. श्री गणेशचन्द - जेष्ठ नागरिक/ आर्थिक... आ.न.पा.

## नगर शिक्षा समितिको चौधौं वैठक

मिति २०७६ माघ २० गते

प्रस्तावहरु:

१. आवधिक शैक्षिक योजना निर्माण सम्वन्धमा ।
२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई अन्तिम रुप दिने सम्वन्धमा ।
३. छैटौ विद्यालय अनुगमन प्रतिवेदन सम्वन्धमा ।
४. अभिभावक शिक्षा सञ्चालन सम्वन्धमा ।
५. विद्यालयहरुको एकमुष्ठ अनुदान सम्वन्धमा ।
६. प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई अनुदान सम्वन्धमा ।
७. वार्षिक परीक्षा सञ्चालन सम्वन्धमा ।
८. विविध सम्वन्धमा ।

निर्णय नं. १

आठविसकोट नगरपालिकाको शैक्षिक नीति तथा दीर्घकालीन सोच सहितको आवधिक योजना निर्माण गर्नको लागि श्री आदर्श माध्यमिक विद्यालय ज्यामिरकोटका प्रधानाध्यापक श्री चिन्ताराम शर्माको अध्यक्षतामा ५ सदस्यीय समिति गठन गरियो ।साथै उक्त समितिले मिति २०७६/११/१५ गतेसम्म मस्यौदा तयार गरी नगर शिक्षा समितिमा पेश गर्ने निर्णय गरियो ।

(क) श्री चिन्ताराम शर्मा – संयोजक
(ख) श्री रवि के.सी. – सदस्य
(ग) श्री धन्नाम परियार - सदस्य
(घ) श्री शेरबहादुर ओली- सदस्य
(ङ) श्री मुक्तिप्रसाद रिजाल – सदस्य सचिव

निर्णय नं. २

आठविसकोट नगरपालिकाको निर्माणाधिन स्थानिय पाठ्यक्रमको सम्वन्धमा स्थानीय पाठ्यक्रम निर्माण समितिमा रहेका देहाय बमोजिमका सदस्यहरुलाई मिति २०७६ फाल्गुन मसान्तसम्म अन्तिम रुप दिने गरी जिम्मा दिइयो ।

१. श्री थलविर ओली
२. श्री नयना चन्द
३. श्री मुक्तिप्रसाद रिजाल

**निर्णय नं. ३**

छैटौं विद्यालय अनुगमन प्रतिवेदन, २०७६ को सम्वन्धमा प्रधानाध्यापकहरुको कार्य सम्पादन करार सम्झौता अनुसार मूल्याङ्कनबाट हुन आएको नतिजाको आधारमा काम हुन बाँकी रहेको देखिएकोले वाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई सचेत गराउने र अन्य विद्यालयका प्रधानाध्यापकहरुको हकमा प्रतिवेदन अनुसार प्रक्रिया अगाडि वढाउने गरी छैटौं विद्यालय अनुगमन प्रतिवेदन, २०७६ नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

आठविसकोट नगरपालिकाबाट भएका विद्यालय अनुगमन प्रतिवेदनहरुले अभिभावक शिक्षाको आवश्यकता औंल्याएकोले आगामी शैक्षिक सत्र २०७७ को भर्ना अभियानसंगै आठविसकोट नगरपालिकाका पदाधिकारीहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा, नगर शिक्षा समिति, शैक्षिक गुणस्तर परिक्षण केन्द्र, विभिन्न विद्यालयका प्रधानाध्यापकहरु र शिक्षकहरुको सहभागितामा १४ वटै वडाहरुमा १ (एक) महिने अभिभावक शिक्षा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आठविसकोट नगरपालिकाका अन्तर्गत एकमुष्ट अनुदान प्राप्त गर्ने र शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयहरुको हकमा सो रकम आवश्यक प्रक्रिया पुर्याइ खर्च गर्नको लागि प्रक्रिया अगाडि वढाउन नगर कार्यापलिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्राविधिक धार सञ्चालन गरेका विद्यालयहरुको सम्वन्धमा आवश्यक बजेट व्यवस्थापनको लागि नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मिति २०७६/१०/१४ गते वसेको प्रधानाध्यापकहरुको वैठकको निर्णय अनुमोदन गर्ने र शैक्षिक सत्र २०७६ सालको वार्षिक परीक्षा सञ्चालन खर्च सम्वन्धमा विद्यालयहरुमा परीक्षा सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च उपलब्ध गराई दिन अनुरोध गर्ने भन्ने उक्त प्र.अ.वैठकको निर्णय नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

विविध सम्वन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) श्री ज्ञानोदय माध्यमिक विद्यालय चौतारामा पूर्वाधार अभावको कारण उक्त विद्यालयमा सञ्चालन भइरहेको वाल विकास कक्षा र कक्षा १ आठविसकोट नगरपालिका वडा नं. ४ मा रहेको हाल मर्ज भइसकेको श्री चित्रिपाटन आधारभुत विद्यालय ब्राहमणगाउँमा भौतिक पूर्वाधार रहेकोले सो पूर्वाधार प्रयोगमा ल्याइ उक्त मौजुदा पूर्वाधार श्री ज्ञानोदय माध्यमिक विद्यालय चौताराको मातहतमा रहने गरी कक्षा सञ्चालन गर्न अनुमतिको लागि नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

...विर ओली
शाखा संयोजक

(ख) आठविसकोट नगरपालिकाको विभिन्न विद्यालयहरुमा रिक्त रहेको स्वीकृत दरवन्दीको अस्थायी करार र करार स्वयंसेवक शिक्षक पदमा मिति २०७६/०८/०८ गते विस्थापित भएका शिक्षकहरुमध्येवाट बरियता क्रमको आधारमा पदपूर्ति गर्ने र रिक्त राहत दरवन्दीमा शिक्षा नियमावली, २०७४ को नियम ५४ बमोजिम प्रक्रिया अपनाइ पदपूर्ति गर्ने निर्णय गरियो ।

(ग) निजी शिक्षक भर्ना गरी आ.व.२०७६/०७७ को प्रथम चौमासिक रकम रोक्का भएको विद्यालयहरुको हकमा नगरपालिकाले दिएको निर्देशन पालन गरेका विद्यालयहरुको तलव फुकुवा गर्ने निर्णय गरियो ।

(घ) आठविसकोट नगरपालिका अन्तर्गत रहेका सामुदायिक माध्यमिक विद्यालयहरुमा खेलकुद शिक्षक आवश्यक रहेकोले दरवन्दी सिर्जना गर्नको लागि नगर कार्यपालिका समक्ष सिफारीस गर्ने ।

(ङ) मिति २०७६/१०/१४ र १५ गते सम्पन्न प्रधानाध्यापक र स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धी गोष्ठीमा सहभागीहरुको लागि निर्वाह खर्च व्यवस्थापन सम्वन्धमा नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

(च) आठविसकोट नगरपालिकाबाट श्री बालकल्याण माध्यमिक विद्यालय आठविसकोटमा आई.टी.अध्ययन गर्ने २ (दुई) जना छात्र-छात्रालाई छात्रवृत्ति प्रदान गर्नु पर्नेमा एक जनालाई मात्र छात्रवृत्ति प्रदान गरेकोले थप १ (एक) जनालाई छात्रवृत्ति प्रदान गर्नको लागि नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

(छ) स्थानीय पाठ्यक्रमको खर्च सम्वन्धमा आठविसकोट नगरपालिका र सिटिएफ नेपालबीच सम्झौता भई निर्माणको अन्तिम चरणमा पुगेकोले सो सम्वन्धमा आवश्यक रकम भुक्तानिको लागि नगर कार्यपालिका समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

थलविर ओली
शाखा संयोजक